# सरुमारानी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः२, संख्याः१३, मंसिर २३ गते, २०७५ साल

## भाग-२

## सरुमारानी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) वमोजिम सरुमारानी गाउँपालिकाले बनाएको कानून उपदफा (३) वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सरुमारानी गाउँपालिका

### टोल विकास संस्था संञ्चालन कार्यविधि, २०७५

सम्वत् २०७५ सालको नियम नं १३

## १. भूमिका :

स्थानीय रुपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गरी सामुदायिक प्रयासमा टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकास, स्थानीय स्तरमा सुशासन प्रवर्द्धन गर्न सरुमारानी गाउँपालिकाको वजार क्षेत्र तथा ग्रामीण बस्तीहरुमा निश्चित भौगोलिक क्षेत्रभित्र रहेका सबै घरधुरी सदस्य रहनेगरी स्थानीय स्तरमा वडा समितिको मातहत तथा सहयोगको रुपमा रहने गरी गठन भएका र गठन गरिने टोल विकास संस्था र संस्थाको कामलाई ब्यवस्थित गर्ने कार्यमा सहयोग पुऱ्याउन सरुमारानी गाउँपालिकाको मिति २०७५/०८/२३ गते कार्यपालिकाको बैठकवाट **टोल विकास संस्था सञ्चालन कार्यविधि,२०७५** स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

## २. उद्देश्य :

टोल विकास संस्था गठन गर्नुका मुख्य उद्देश्यहरु निम्नानुसार छन् :

(१) टोल वस्तीलाई पूर्ण सरसफाईयुक्त नमुना वस्ती, वातावरणमैत्री तथा वालमैत्री वडा घोषणा गर्न आवश्यक सहयोग गर्ने ।

(२) टोल, वस्ती स्तरमा छनौट हुने योजनाहरुको छनौट प्रक्रियामा महत्वपूर्ण भुमिका निभाउने ।

(३) टोल, बस्ती स्तरमा विभिन्न निकायहरुबाट प्रवाह हुने सेवामा टोलबासीको पहुँच अभिवृद्धि गर्ने ।

(४) टोलवासीहरुमा उद्यमशीलताको विकास गराई टोलस्तरमा लघु उद्यमको सिर्जना, विकास र प्रवर्द्धन गर्ने ।

(५) टोल, बस्तीस्तरमा समानता, समताको भावना जागृत गराउने, आपसी सद्‌भाव, समझदारी, समन्वय र मेलमिलाप कायम गराउँदै सामाजिक एक्यबद्धता कायम गर्ने ।

(६) आर्थिक, सामाजिक सवालमा सबै टोलवासीहरुलाई निर्णय प्रक्रियामा समान अवसर र अधिकार प्रदान गर्ने ।

(७) टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरी सुशासनलाई बढावा दिने ।

(८) बस्ती टोलस्तरमा सबै संस्थाहरुको प्रवेशद्वारको रुपमा टोल विकास संस्थालाई विकास गर्दै विभिन्न निकायहरुबाट सञ्चालन हुने विकास कार्यमा सहयोग गर्ने ।

(९) टोल विकास संस्थालाई वडाभन्दा तल्लो एकाइको रुपमा विकास गरी सहभागितात्मक योजना तर्जुमा, अनुगमन एवम् मूल्यांङ्कन प्रक्रियामा सहभागी गराउने ।

(१०) टोलका सदस्यहरुमा गरिबीलाई निश्चित आधारमा वर्गीकरण गरी तिनीहरुको अभिलेख तयार गर्न सहयोग गर्ने ।

(११) टोल तथा वस्तिमा लैँगिक हिंसा, वाल विवाह, वहुविवाह, छुवाछुत, धार्मिक साम्प्रदायीक हिंसा लगायतका सामाजिक अपराधहरुको निरुत्साहित गर्दै नैतीक आचरणयूक्त समाज निर्माणमा विभिन्न अभियानहरु सञ्चालन गर्ने ।

(१२) टोलको समग्र विकासका लागि कार्यक्रमहरु तय गरी सम्वन्धित निकायमा कार्यान्वयनको लागी पहल गर्ने ।

(१३) राष्ट्रिय तथा स्थानीय अभियानहरु सफल पार्न आवश्यक सहयोग गर्ने ।

**३. गठन :**

**टोल विकास संस्थाको गठन देहाय बमोजिम हुनेछ :**

(१) गाउँपालिका क्षेत्रभित्रका बस्तीहरुको निश्चित भौगोलिक क्षेत्रमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिनेछ ।

२) टोल विकास संस्था गठन गर्दा सम्पूर्ण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेटनु पर्नेछ । सो सम्भव नभए अधिकांश (८० प्रतिशत) घरधुरी सहभागी गराएको हुनुपर्ने छ । सहभागी मध्ये कम्तिमा ५० प्रतिशत महिला सहभागी भएको सुनीश्चीत हुनुपर्दछ ।

३) टोल विकास संस्था गठनका लागि स्पष्ट र औचित्यपुर्ण निश्चित भौगोलिक क्षेत्रमा कम्तीमा ३५ घरधुरी हुनुपर्ने छ ।

४) अधिकांश घरधुरी प्रतिनिधीहरुको उपस्थितीमा संस्था संचालन कार्य समिति गठन हुनेछ । जसमा अध्यक्ष, उपाध्यक्ष, सचिव र

कोषाध्यक्ष पदाधिकारी रहने छन भने अन्य उपस्थितहरु सदस्यमा रहनेछन । कार्यसमितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कुनै दुई जना अनिवार्य रुपमा महिला हुनुपर्ने छ । सहभागी भएका सदस्यहरुमध्ये कम्तिमा ५० प्रतिशत महिला आवद्ध गराउनु पर्नेछ । र साथै कार्य समितिका पदाधिकारी अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष सम्वन्धित टोलको स्थाई रुपमा बसोवास भएको हुनुपर्ने छ ।

५) पदाधिकारीको कार्यकाल २ वर्षको हुनेछ । अवधि व्यथित पश्चात् नेतृत्व परिवर्तनलाई प्राथमिकता दिनुपर्ने छ ।

६) टोल विकास संस्थालाई व्यवस्थित गर्न अनुसूचि-१ मा उल्लेखित नमुना विधानका आधारमा टोल विकास संस्थाको विधान तयार गरि लागु गर्नुपर्ने छ ।

**४. दर्ता/सूचीकृत :**

टोल विकास संस्थाको दर्ता/सूचीकृत देहाय बमोजिम हुनेछ :

(१) टोल विकास संस्थाको बैठकमा सर्वसम्मत निर्णय गराई सम्बन्धित गाउँपालिकाले दर्ता/सूचीकृत गर्नेछ । टोल विकास संस्थालाई गाउँपालिकामा दर्ता/सूचीकृत गर्दा पेश गर्ने निवेदनको नमूना अनुसूची-२ मा उल्लेख गरिएको छ । टोल विकास संस्थाबाट निर्णय गरी दर्ताका लागि निवेदन साथ अनुसूची-३ बमोजिम टोलको विवरण एवं टोल/वस्तीको नक्सा पेश गरेमा गाउँपालिकाले अनुसूची-४ बमोजिमको टोल विकास संस्था दर्ता प्रमाण पत्र प्रदान गर्नुपर्नेछ ।

(२) गाउँपालिकामा दर्ता/सूचीकृत गर्दा, गाउँपालिकाले तोके बमोजिम दर्ता/सूचीकृत शुल्क लिने छ । हाल लाई दर्ता/सूचीकृत शुल्क रु. १००। कायम गरीएको छ ।

(३) टोल विकास संस्थाले यस कार्यविधि बमोजिमका उद्देश्य विपरीत कुनै काम गरेमा वा प्रचलित कानूनले गर्न नपाउने कार्य गरेमा गाउँपालिकाले टोल विकास संस्थाको दर्ता खारेज गर्न सक्नेछ । दर्ता खारेज भएपछि सो स्थानमा नयाँ टोल विकास संस्था गठन हुनेछ ।

**५. टोल विकास संस्थाको काम :**

**टोल विकास संस्थाले आफ्नो टोल क्षेत्रको समग्र विकास र सदस्यहरुको हितका लागि देहायका कार्यहरु गर्नेछ :**

(१) आफ्नो वडाको वार्ड वास.सि.सि.संग समन्वय गरि आ-आफ्नो टोल वस्तीमा पूर्ण सरसफाईका सुचकहरु पुरा भएको नभएको अनुगमन गर्ने र नभएकोमा पुरा गर्न सल्लाह दिने ।

(२) टोल वस्तीस्तरवाट छनौट हुने योजना छनौट प्रक्रियामा महत्वपूर्ण भुमिका निभाउने ।

(३) टोलमा सबै वर्ग, जातजातीको भावना समेटने गरी सबै सदस्यहरुलाई निर्णय प्रक्रिया, श्रोत साधनमा समान अधिकार कायम हुने गरी आपसी भाईचारा कायम गरी सभ्य समाजको अवधारणा कायम गर्ने ।

(४) विभिन्न सरकारी एवम् गैर सरकारी निकायहरुसँग सुमधुर सम्बन्ध स्थापित गरी टोलको विकासको लागि सहजीकरण गर्ने ।

(५) टोलमा उद्यम विकाससँग सम्बन्धित योजनाहरु सञ्चालन गर्न आवश्यक सहजीकरण गर्ने ।

(६) गाउँपालिकाको राजस्व परिचालनका लागि सहयोग प्रदान गर्ने ।

(७) टोलको विकासका लागि विभिन्न श्रोतबाट प्राप्त श्रोतको उच्चतम सदुपयोग गर्ने ।

(८) टोलको सामुहिक समस्या पहिचान गरी प्राथमिकताको आधारमा टोल विकास योजना तर्जुमा गर्ने ।

(९) एच.आई.भी./एड्स, अन्धविश्वास, बाल बिवाह, बहु बिवाह जस्ता सामाजिक समस्याको पहिचान गरी सुधारका कार्यक्रमहरु सञ्चालन गर्ने ।

(१०) टोलको आर्थिक तथा सामाजिक तथ्याङ्क अध्यावधिक गर्न सूचना अभिलेख राख्ने ।

(११) सहभागितात्मक योजना तर्जुमा गर्दा प्राथमिकताको आधारमा आयोजनाहरुको पहिचान गरी वडामा सिफारिस गर्ने ।

(१२) टोलमा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुबाट प्राप्त योजनाहरुको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने ।

(१३) टोलमा विभिन्न सरकारी तथा गैरसरकारी संस्था मार्फत प्राप्त हुने कार्यक्रमहरु टोल विकास संस्था मार्फत् सञ्चालन हुने वातावरण सिर्जना गर्ने ।

(१४) आफ्नो टोल र वडालाई पूर्ण सरसफाईका सूचकहरु पुरा गराएर वातावरणमैत्री तथा बालमैत्री बनाउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने ।

(१५) टोलमा सामाजिक सुरक्षा भत्ता लगायत सामाजिक सरोकारका विषयमा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

(१६) टोलमा रहेका सार्वजनिक, पर्ति, ऐलानी, आदि जग्गाको संरक्षणमा गाउँपालिकालाई सहयोग गर्ने ।

(१७) गाउँपालिकासँग भएको समझदारी अनुसार अन्य कार्यहरु गर्ने गराउने ।

(१८) संस्थामा प्राप्त रकमको संस्थाको नीति बमोजिम रकम खर्च गर्ने लेखा राख्ने र लेखापरीक्षण गराउने ।

(१९) प्रचलित ऐन नियमको पालना गर्नेगरी बचत तथा ऋण परिचालन, बाहिरी निकायबाट ऋण प्राप्ति तथा ऋण लगानी लगायत आर्थिक विकासका गतिविधि गर्नसक्ने छ ।

(२०) आ-आफ्ना टोल विकास संस्थामा सबै पक्षको समानुपातिक सहभागिता, विकास एवं सम्मानका लागी बाल, युवा, महिला, जेष्ठ नागरीकहरुको क्लव तथा सञ्जाल गठन गरी परिचालन व्यवस्था मिलाउने ।

**६. टोल विकास संस्थाको बैठक :**

टोल विकास संस्थाको कार्यसमितिको बैठक व्यवस्थापन देहाय बमोजिम हुनेछ :

(१) टोल विकास संस्थाका सदस्यहरुको हित, सहयोग एवम् समन्वयका लागि टोल विकास संस्थाको बैठक महिनामा कम्तिमा १ पटक नघट्ने गरी बस्नेछ ।

(२) समितिको बैठकमा सरसफाइको क्षेत्रमा काम गर्ने प्रतिनिधि, गाउँपालिकाका प्रतिनिधिहरु, सामाजिक परिचालक लगायत अन्य सरोकारवालाहरुलाई आमन्त्रित गर्न सकिनेछ ।

(३) सचिवले संस्थाको बैठकको निर्णयहरु बैठक पुस्तिकामा लेखी प्रमाणित गराउनु पर्नेछ ।

**७. टोल विकास संस्थाका कार्यसमितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :**

टोल विकास संस्थाका कार्यसमितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार :**

संस्थाको कार्यसमितिको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।

(२) बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने ।

(३) बैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।

(४) छलफल हुँदा सबैको विचार सङ्कलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

(५) निर्णयहरु लागू गर्ने र गर्न लगाउने ।

(६) विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।

(७) संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने ।

(८) आवस्यक कार्यमा संस्थाको प्रतिनिधित्व गर्न वा गराउन का साथै अन्य सहयोगी निकायहरुसँग समन्वय कायम गर्ने ।

(९) विशेष बैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने ।

(१०) कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

**(ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार**

संस्थाको कार्यसमितिको उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

१) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्नुपर्ने कार्य गर्ने ।

२) विधानले तोकेको अन्य कार्य गर्ने ।
३) कुनै कारणवस अध्यक्षको पद रिक्त हुन आएमा बांकि अवधिको लागी कार्यवाहक अध्यक्षको रुपमा कार्य गर्ने

**(ग) सचिवको काम, कर्तव्य र अधिकार :**

यस संस्थाको कार्यसमितिको सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(१) अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।
(२) एकतिहाई सदस्यले विशेष बैठकका लागि लिखित माग गरेमा विधान बमोजिम बैठक बोलाउने ।
(३) छलफलका प्रस्तावहरु सङ्कलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने ।
(४) संस्थाको क्रियाकलापको बारेमा सदस्यलाई जानकारी गराउने ।
(५) तोकिएका अन्य कामहरु गर्ने ।

**(घ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

यस संस्थाको कार्यसमितिको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(१) संस्थाको आम्दानी र खर्चको विवरण तयार गर्ने ।
(२) खर्चको लेखापरीक्षण लेखापरीक्षकबाट गराउने ।
(३) बैंकमा खाता सञ्चालन गर्दा संयुक्त रुपमा खाता सञ्चालन गर्ने ।
(४) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**(ङ) सदस्यको काम, कर्तव्य र अधिकार :**

संस्थाका सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(१) गाउँपालिका लगायत अन्य सघंसस्थाहरुसँग भएको साझेदारी पत्रमा उल्लेखित शर्त अनुसार गर्नुपर्ने कामहरु गर्ने ।
(२) संस्थाको हिसाब किताब जाँच गर्ने ।
(३) संस्थाका पदाधिकारीहरुले गरेका कामको मूल्याङ्कन नियमित रुपमा गर्ने ।
(४) आवश्यकता अनुसार संस्था सञ्चालनका लागि नीति, नियमहरु बनाउने र सो नियमहरु पालना भए नभएको हेर्ने ।

(५) आवश्यकता अनुसार अध्यक्ष, सचिव, कोषाध्यक्षहरुलाई सघाउने ।
(६) बैठकमा उपस्थिती भई प्रत्येक छलफलमा भाग लिने ।
(७) तोकिएको अन्य कार्यहरु गर्ने ।

**८. आर्थिक ब्यवस्थापन :**

संस्थाको आम्दानी, खर्च, नाफा, लेखा परीक्षण लगायत आर्थिक ब्यवस्थापन देहाय बमोजिम हुनेछ :

**(क) टोल विकास संस्थाको आम्दानी :**

(१) विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, विभिन्न सामुदायिक संस्था तथा ब्यक्तिहरुबाट प्राप्त हुने सहायता र अनुदान ।
(२) टोल विकास संस्थाले आयमूलक कार्यहरु सञ्चालन गरी प्राप्त हुने आम्दानी ।
(३) संस्थाको विकास निर्माणका लागि टोल विकास कोषको रुपमा टोल विकास संस्थाको आम्दानीको निश्चित प्रतिशत संस्थाको निर्णयानुसार छुट्याउने रकम ।
(४) संस्थाले अन्य श्रोतबाट जम्मा गरेको रकम ।

**(ख) खर्च :**

(१) संस्थाको विकास निर्माणका लागि टोल विकास संस्थाको कोषको रकम संस्थाको निर्णयानुसार खर्च हुनेछ ।
(२) संस्था सञ्चालन, ब्यवस्थापन र लेखापरीक्षणका लागि गर्नुपर्ने खर्चहरु टोल विकास संस्थाको नीति बमोजिम हुनेछ ।

**(ग) नाफा :**

(१) टोल विकास संस्थाले आर्जन गरेको आम्दानीबाट खर्च कटाई बाँकी रहेको रकम संस्थाको नाफा मानिनेछ ।
(२) नाफा संस्थाको निर्णयानुसार टोलको विकासका लागि खर्च गरिनेछ ।

**(घ) लेखा :**

संस्थाको लेखा देहाय बमोजिम हुनेछ :

(अ) कोषाध्यक्षले सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चको विवरण, संस्थाको संचालन र ब्यवस्थापनमा भएको प्रशासनिक खर्चहरुको स्पष्ट लेखा राख्नुपर्दछ ।

(आ) कोषाध्यक्षले राखेको आम्दानी खर्चको हिसाब टोल विकास संस्थाको बैठकमा पेश गर्नुपर्दछ ।

**(ङ) लेखापरीक्षण :**

संस्थाको लेखापरीक्षण देहाय बमोजिम हुनेछ :

(१) संस्थाले नियुक्त गरेको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्नेछ ।

(२) आवश्यक्तानुसार गाउँपालिकाले पनि संस्थाको आम्दानी खर्चको लेखापरीक्षण गर्नसक्नेछ ।

(३) संस्थाले आफ्नो वार्षिक लेखापरीक्षणको प्रतिवेदन सम्बन्धित गाउँपालिकामा समेत पेश गर्नुपर्नेछ ।

**९. विविध :**

**क) टोल विकास संस्था विभाजन तथा एकीकरण सम्वन्धी व्यवस्था**

१ टोल विकास संस्था गठन पश्चात विविध कारणवस सिमाना हेरफेर, विभाजन र एकीकरण गर्नुपर्ने अवस्थामा सम्वन्धीत टोलको साधारण सभावाट पारित गरि वडा कार्यालय मार्फत गाउँपालिकामा अनुरोध भई आएमा उपयुक्त लागेमा गाउँपालिकाको निर्णय वमोजिम हुनेछ ।

२ टोल विकास संस्थाहरु जथाभावी तथा अस्वाभाविक रुपमा टोल गठन तथा विभाजन हुने अवस्था आएमा भू क्षेत्र, भू वनोट र घरधुरी जनसंख्यालाई आधारमानी गाउँपालिकाले टोलको उपयुक्त सिमाङ्कनको व्यवस्थापन गर्नेछ ।

(ख) टोल विकास संस्थालाई प्रत्येक वर्ष अनिवार्य रुपमा नवीकरण गर्नुपर्नेछ । गाउँपालिकाले तोके बमोजिम नविकरण शुल्क लिनेछ। हाल लाई नविकरण शुल्क रु.१००। कायम गरीएको छ

(ग) यो कार्यविधि प्रचलित नेपालको ऐन, नियमहरुसँग बाँझिएमा बाँझिएका बुँदाहरु स्वतः खारेज हुनेछन् :

(घ) यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा सोको गाउँ कार्यपालिकाको निर्णयानुसार फुकाइनेछ ।

## अनुसूची-१

## ...................................... टोल विकास संस्थाको विधान

**प्रस्तावना :**

स्थानीय रुपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गर्दै गाउँ तथा वजार क्षेत्रको सामाजिक तथा आर्थिक ब्यवस्थालाई एकअर्काको परिपूरकको रुपमा विकसित गरी गरिबी न्यूनीकरणका प्रयासमा ठोस योगदान पुऱ्याउने, सहभागितात्मक योजना तर्जुमा गर्ने तथा आफ्नो टोलको समग्र विकास गर्ने वातावरण सिर्जना गर्न यो ............................ टोल विकास संस्थाको स्थापना गरी सञ्चालन गर्न वाञ्छनीय भएकोले यो विधान बनाइएको छ ।

**१. प्रारम्भिक :**

**संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो विधान...................................... टोल विकास संस्थाको विधान हुनेछ ।

(ख) यो संस्थाको नाम ...................................... हुनेछ ।

(ग) संस्थाको चिन्ह र छाप निम्न प्रकारको हुनेछ ।

चिन्हको बिवरण : .................

छापको बिवरण : ...................................

(घ) यो विधान...................... टोल विकास संस्थाको साधारण सभाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

(ङ) यस संस्थाको कार्यालय.................................. मा हुनेछ ।

(च) यस संस्थाको सिमाना देहाय बमोजिम हुनेछ :

पूर्व ...................................... ............

पश्चिम................................................

उत्तर..................................................

दक्षिण................................................

**२. परिभाषा :**

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा ....**

क). ‘संस्था’ भन्नाले ................................................ टोल विकास संस्थालाई सम्झनुपर्दछ ।

ख). ‘विधान’ भन्नाले .................................... टोल विकास संस्थाको विधानलाई सम्झनुपर्दछ ।

ग). ‘साधारण सभा’ भन्नाले संस्थाको साधारण सदस्यहरुको भेला सम्झनुपर्छ ।

घ). ‘समिति’ भन्नाले टोल विकास संस्थाको कार्यसमितिलाई सम्झनु पर्दछ ।

ङ). ‘बैठक’ भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठकलाई सम्झनु पर्दछ ।

च). ‘पदाधिकारी’ भन्नाले कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, र कोषाध्यक्ष लाई जनाउँछ ।

**३. संगठित संस्था हुने :**

(क) संस्थाको आफ्नो छुट्टै छाप हुनेछ । साथै संस्थाले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ ।

(ख) संस्थाले चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न सक्नेछ । तर संस्थाले अचल सम्पत्ति बिक्री गर्न भने पाउने छैन । संस्था विघटन भए सो संस्थाको सम्पूर्ण चल अचल सम्पत्ति गाउँपालिकामा हस्तान्तरण हुनेछ ।

**४. संस्थाका उद्देश्यहरुः**

संस्थाको संस्थागत, सामाजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिमको उद्देश्य हुनेछ :

(क) टोल वस्तीस्तरमा पूर्ण सरसफाईका सुचकहरु पुरा भए नभएको सुनिश्चत गर्ने ।

(ख) टोल स्तरमा सक्षम र दिगो स्वायत्त संस्थाको विकास गर्ने ।

(ग) टोलका व्यक्तिहरुको आयमा वृद्धि गर्ने कार्यक्रमको संचालन गरी गरिबी न्यूनीकरणमा मद्दत पुऱ्याउने ।

(घ) स्थानीय स्तरको विकास प्रक्रियालाई द्विगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरको समुदायको व्यक्तिहरुको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पुऱ्याउने ।

(ङ) संस्थालाई सहभागितात्मक योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा सक्रिय सहभागी बनाउने ।

**५. संस्थाका कार्यहरु :**

टोल विकास संस्थाका कार्यहरु देहाय बमोजिम हुनेछन् :

(१) टोलस्तरमा प्रत्येक नागरिकले पूर्ण सरसफाईका सूचकहरुको नियमीत प्रयोग गरे नगरेको अनुगमन गर्ने र नगरेको भए गर्न सल्लाह दिने ।

(२) टोलस्तरमा सम्भव भएसम्म सबै घरपरिवार सहभागी भएको टोल विकास संस्था गठन गर्ने ।

(३) संस्थाका सदस्यहरुलाई उद्यमशीलतातर्फ अग्रसर गराउन आवश्यक पहल गर्ने तथा सोही बमोजिमका कार्यक्रमहरु संचालन गर्ने ।

(४) टोलमा आइपरेका समस्याहरु समाधान गर्न एकअर्कामा भाइचारा सम्बन्ध कायम गरी सभ्य समाजको सिर्जना गर्ने ।

(५) उपलब्ध श्रोतको समुचित परिचालन गर्दै टोलको समग्र विकासका लागि टोल विकास योजना बनाउने ।

(६) एच.आइ.भी./एड्स, अशिक्षा, अन्धविश्वास, बालविवाह, बहुबिवाह, जस्ता सामाजिक समस्याका बारेमा सम्पूर्ण टोल विकास संस्थाका सदस्यहरुलाई चेतना अभिवृद्धि गर्ने ।

(७) आफ्नो टोल तथा सार्वजनिक स्थलमा वृक्षारोपण गर्ने ।

(८) आफ्नो वडा तथा टोललाई पूर्ण सरसफाईयुक्त नमुना वडा साथै वातावरणमैत्री तथा बालमैत्री बनाउन विविध कार्यक्रमहरु सञ्चालन गर्ने ।

(९) टोलमा सामाजिक सुरक्षा भत्ता लगायतका सामाजिक सरोकारका विषयहरुमा विभिन्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

(१०) वातावरणमैत्री स्थानीय शासनका सूचकहरुको टोलमा कार्यान्वयन गर्ने र गाउँपालिकालाई सो सूचक कार्यान्वयन गर्न सहयोग गर्ने ।

(११) आफ्नो टोल बस्तीलाई नमुना बस्तीको रुपमा विकास गर्न सहयोग गर्ने ।

(१२) गाउँपालिकाको मिति २०७६ चैत्र मसान्तसम्ममा पूर्ण सरसफाईयूक्त गाउँपालिका घोषणा गर्ने लक्ष्य र एक घर एक धाराको नितिलाई सफल पार्न आवश्यक सहयोग गर्ने ।

(१३) पूर्ण सरसफाई, पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता, आदि अभियानमा सहयोग गर्ने ।

(१४) टोलमा रहेका सार्वजनिक, पर्ति, ऐलानी, आदि जग्गाको संरक्षणमा गाउँपालिकालाई सहयोग गर्ने ।

(१५) संस्थाको अध्यक्ष, कोषाध्यक्ष तथा सचिवको चयन सर्वसम्मतिमा वा सो नभएमा बहुमतमा गर्ने ।

(१६) गाउँपालिकाको राजस्व परिचालनमा सहयोग गर्ने ।

(१७) गाउँपालिकासँग भएको समझदारी अनुसारका अन्य कार्यहरु गर्ने ।

(१८) सबै पक्षको समानुपातिक सहभागिता, विकास एवं सम्मानका लागी बाल, युवा, महिला, जेष्ठ नागरीकहरुको क्लव तथा सञ्जाल गठन गरी परिचालन ब्यवस्था मिलाउने ।

**६. सदस्यता :**

संस्थामा सदस्यता देहाय बमोजिम हुनेछ :

(क) यस विधानको उद्देश्य बमोजिम संस्थाप्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने स्थानीय टोलवासी यस संस्थाको सदस्य हुनेछन ।

(ख) सदस्य बन्न इच्छुक नयाँ टोलवासीलाई संस्थाले तोके बमोजिम संस्थामा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ ।

**७. सदस्यता नरहने :**

देहायको अवस्थामा सदस्य रहने छैन :

(क) सदस्यको मृत्यु भएमा ।

(ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा । तर संस्थाको निर्णय उपर चित्त नबुझेमा साधारण सभामा पेश गर्ने र साधारण सभाको निर्णय अन्तिम हुनेछ ।

(ग) सदस्यता शुल्क नतिरेको वा संस्थाको निर्णय पालन नगरेमा संस्थाले निर्णय गरी सम्पूर्ण सदस्यलाई जानकारी गराएमा ।

(घ) संस्थालाई हानी नोकसानी हुने कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई संस्थाले सदस्यताबाट हटाउने निर्णय गरेमा ।

(ङ) नेपालको प्रचलित कानूनको निषेध गरेको कार्य गरेमा ।

**८. संस्था गठन एवम् कार्य सञ्चालन विधि :**

संस्थाको गठन एवम् कार्य सञ्चालन विधि देहाय बमोजिम हुनेछ :

(क) निश्चित भौगोलिक क्षेत्रमा व्यक्तिहरुको सर्वसम्मत निर्णयबाट टोलको क्षेत्र निर्क्यौल गरेपछि त्यस टोलभित्र बसोवास गर्ने अधिकांश घरधुरीको उपस्थितिमा संस्था गठन गरिनेछ ।

(ख) टोल विकास संस्था गठन गर्न उपस्थित भएका व्यक्तिहरुले गरेको सर्वसम्मत निर्णयको आधारमा ४ सदस्यीय संस्था संचालन कार्य समिति गठन हुनेछन । यस समितिमा एक-एक जना अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र अन्य घरधुरी सदस्यहरु हुनेछन् ।

(ग) संस्थामा समावेशि रुपमा कम्तिमा ५० प्रतिशत महिला सदस्य रहनेछन् । अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव मध्ये कम्तिमा २ जना महिला हुनेछन ।

(घ) .समितिको कार्यकाल २ वर्षको हुनेछ ।

**९. संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :**

संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

**(क) संस्थाको अध्यक्षको काम, कर्तव्य र अधिकार :**

(१) संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।

(२) बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने ।

(३) बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।

(४) छलफल हुँदा सबैको विचार सङ्कलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

(५) निर्णयहरु लागू गर्ने र गर्न लगाउने ।

(६) विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।

(७) संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने ।

(८) विशेष बैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने ।

(९) कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

**(ख) संस्थाको उपाध्यक्षको काम, कर्तव्य र अधिकार**

१) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्नुपने कार्य गर्ने ।

२) विधान ले तोकेको अन्य कार्य गर्ने ।

३) कुनै कारणवस अध्यक्षको पद रिक्त हुन आएमा बांकि अवधिको लागी कार्यवाहक अध्यक्षको रुपमा कार्य गर्ने

**(ग) संस्थाको सचिवको काम, कर्तव्य र अधिकार :**

(१) अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।

(२) एकतिहाई सदस्यले विशेष बैठकका लागि लिखित माग गरेमा विधान बमोजिम बैठक बोलाउने ।

(३) छलफलका प्रस्तावहरु सङ्कलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने ।

(४) संस्थाको क्रियाकलापको बारेमा सदस्यलाई जानकारी गराउने ।
(५) तोकिएका अन्य कामहरु गर्ने ।

**(घ) संस्थाको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(१) संस्थाको आम्दानी र खर्चको विवरण तयार गर्ने ।
(२) खर्चको लेखापरीक्षण दर्तावाला (रजिष्टर्ड) लेखापरीक्षकबाट गराउने ।
(३) बैंकमा खाता सञ्चालन गर्दा संयुक्त रुपमा खाता सञ्चालन गर्ने ।
(४) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**(ङ) संस्थाका सदस्यको काम, कर्तव्य र अधिकार :**

(१) गाउँपालिकासँग भएको साझेदारी पत्रमा उल्लेखित शर्त अनुसार गर्नुपर्ने कामहरु गर्ने ।
(२) संस्थाको हिसाब किताब जाँच गर्ने ।
(३) संस्थाका पदाधिकारीहरुले गरेका कामको मूल्याङ्कन नियमित रुपमा गर्ने ।
(४) आवश्यक्ता अनुसार संस्था सञ्चालनका लागि नीति, नियमहरु बनाउने र सो नियमहरु पालना भए नभएको हेर्ने ।
(५) आवश्यक्ता अनुसार अध्यक्ष, सचिव, कोषाध्यक्षहरुलाई सघाउने ।
(६) तोकिएको अन्य कार्यहरु गर्ने ।

**११. साधारण सभाको गठन र कार्यप्रणाली :**

साधारण सभाको गठन र कार्यप्रणाली देहाय बमोजिम हुनेछ :

(क) संस्थाका सम्पूर्ण सदस्यहरु रहेको एक साधारण सभा हुनेछ ।
(ख) साधारण सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा संस्थाको उपाध्यक्ष र निजको पनि अनुपस्थितिमा संस्थाको जेष्ठ सदस्यले गर्नेछ ।
(ग) साधारण सभा संस्थाको सर्वोच्च निकाय हुनेछ ।

**१२. साधारण सभाको काम, कर्तव्य र अधिकार :**

साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) संस्थाको साधारण सभाको सल्लाह प्राप्त गर्न उचितदेखि पेश भएका विषयमा सल्लाह दिने ।
(ख) लेखापरीक्षक नियुक्ति गर्ने ।
(ग) संस्थाको लेखापरीक्षण प्रतिवेदन पारित गर्ने ।
(घ) अधिकार प्रत्यायोजन गर्ने ।
(ङ) कार्यसमिति सम्बन्धमा भएका उजुरी पुनरावेदन सुन्ने र निर्णय दिने ।
(च) संस्थाको विधान संशोधन गर्ने ।
(छ) आवश्यक्तानुसार सल्लाहकारको मनोनयन गर्ने ।
(ज) संस्थाको वार्षिक कार्ययोजना स्वीकृत गर्ने ।

**१३. आर्थिक अवस्था :**

(क) संस्थाको देहाय बमोजिम आर्थिक श्रोत हुनेछ :
(अ) सदस्यताबाट प्राप्त शुल्क ।
(आ) सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त अनुदान ।
(इ) संस्थाको क्रियाकलापको सिलसिलामा प्राप्त हुने आय वा पुरस्कार ।
(ई) अन्य आम्दानी ।
(ख) प्रत्येक असार मसान्तमा लेखा तयार गरी परीक्षण पश्चात् विवरण साधारण सभामा प्रस्तुत गर्ने जिम्मेवारी संस्थाको हुनेछ ।
(ग) संस्थाको नाममा प्राप्त वा खरीद चल अचल सम्पत्तिको परिचालन र प्रयोग तोकिए बमोजिम हुनेछ ।

**१४. कार्यसमिति तथा पदाधिकारीको राजीनामा :**

(क) समितिका सदस्यहरुले आफ्नो पदबाट राजीनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछन् ।
(ख) अध्यक्षले आफ्नो राजीनामा सचिव मार्फत् संस्थाको बैठकमा पेश गर्नुपर्नेछ र सो उपर संस्थाले निर्णय गरे बमोजिम हुनेछ ।

**१५. कार्यसमितिलाई अविश्वासको प्रस्ताव :**

कार्यसमितिका अध्यक्ष एवम् पदाधिकारीहरु उपर अविश्वास लागे यथोचित कारण देखाई संस्थाका ६७ प्रतिशत सदस्यहरुले विशेष

साधारण सभा राखी अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछन । अविश्वासको प्रस्ताव उपर छलफल गरी हुने निर्णयमा बहुमतलाई भन्दा सर्वसम्मतलाई बढी जोड दिइनेछ ।

**१६. विविध :**

(क) विधान संशोधन गर्नुपर्ने भएमा कार्यसमितिले स्वीकृत गरेपछि साधारण सभामा पेश गरिनेछ ।

(ख) प्रचलित ऐन, नियमहरुसँग बाँझिएका बुँदाहरु हदसम्म स्वतः खारेज हुनेछ ।

## अनुसूची - २
## (टोल विकास संस्थालाई गाउँपालिकामा दर्ता गर्ने)
## निवेदन पत्रको नमूना

मिति :....................

श्रीमान् प्रमुख प्रशासकिय अधिकृतज्यू
सरुमारानी गाउँकार्यपालिकाको कार्यालय
वड्डाँडा, प्यूठान ।

**विषय : टोल विकास संस्था दर्ता गर्ने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाद्वारा संचालित वडा नं......को ........................ ................. टोल/वस्तीमा गठन गरिएको .................................. टोल विकास संस्थालाई सरुमारानी गाउँपालिका कार्यालयमा दर्ता/सूचीकृत गरिदिनुहुन अनुरोध गर्दछु । यस ....................................... टोल विकास संस्थाको क्षेत्र निम्न लिखित चार किल्लाभित्र सीमित रहनेछ :

(क) पूर्व सिमाना : ............................................
(ख) पश्चिम सिमाना : .......................................
(ग) उत्तर सिमाना : ..........................................
(घ) दक्षिण सिमाना : ........................................

..........................
निवदेक
अध्यक्षको नाम :
टोल विकास संस्थाको नाम :
ठेगाना :
संस्थाको छाप :

अनुसूची-३

**सरुमारानी गाउँपालिका**

**वड्डाँडा, प्यूठान**

**घरधुरी तथ्याङ्क विवरण फाराम**

टोल विकास संस्थाको नाम :

ठेगाना : मिति :

| **क.सं.** | **घर नम्बर** | **घरमुलीको नाम** | **परिवार संख्या** | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | जम्मा | बालक | बालिका |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

नोट :बालबालीका भन्नाले १८ वर्षभन्दा मुनिका

टोल विकास संस्थाको अध्यक्षको नाम :

हस्ताक्षर :

अनुसूची - ४

# सरुमारानी गाउँकार्यपालिकाको कार्यालय
# वड्डाँडा, प्यूठान

## प्रमाण-पत्र

सरुमारानी गाउँपालिका वडा नं...... स्थित ............................................मा गठन भएको ................................. टोल विकास संस्थालाई यस कार्यालयमा मिति ........................... मा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

यस गाउँपालिकाको पूर्ण सरसफाई, आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार विकास, वातावरणमैत्री सुशासन लगायतका क्षेत्रमा यस टोल विकास संस्थाको सहभागिताको अपेक्षाका साथै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

...............................

प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाँउपालिका

खण्डः२, संख्याः१३, मंसिर २३ गते, २०७५ साल

# टोल विकास संस्थाको नक्साको नमूना




आज्ञाले,

अमर बहादुर वली

प्रमुख प्रशासकीय अधिकृत